## २. सचेतात्मक चिन्हहरू (Warning Signs)

(क)



चौबाटो

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको बीचमा ठूलो बाटोको चिन्हको बीचमा सानो बाटोको चिन्ह क्रस गरिएको ।

(ख)



अगाडि ठूलो बाटो आउँदैछ

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा सानो बाटोको चिन्हको वीचमा ठूलो बाटोको चिन्ह क्रस गरिएको ।

(ग)



दायाँतिर सहायक मार्ग आउँदैछ

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा ठूलो बाटोमा दायाँ तर्फ सानो बाटोको संकेत गरिएको ।

(घ)



फरक दूरीमा वायाँ र दायाँ सहायक बाटो आउँदैछ

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा ठूलो बाटोमा तल वायाँ तर्फ र माथि दायाँ तर्फ सानो बाटोको संकेत गरिएको ।

नेपाल कानून आयोग

(ङ)



अगाडि अंग्रेजी टी (T) आकारको जंसन अर्थात् दायाँ वायाँ दुई तर्फको सिधा बाटो आउँदैछ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा अंग्रेजी अक्षरको "T" लेखिएको ।

(च)



अगाडि Y आकारको जंसन अर्थात् दायाँ वायाँ तर्फ घुमेको दुईतर्फी बाटो आउँदैछ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा अंग्रेजी अक्षरको “Y” लेखिएको ।

(छ) वायाँतिरबाट सहायक मार्ग जोडिएको छ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा बाटोको वायाँ तर्फ तलतिर हुने गरी सहायक मार्गको संकेत गरिएको ।

(ज) दायाँतिरबाट सहायक मार्ग जोडिएको छ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा बाटोको दायाँ तर्फ तलतिर हुने गरी सहायक मार्गको संकेत गरिएको ।

नेपाल कानून आयोग

(झ)



घुम्ती आउँदैछ

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा कालो रङ्गको ३ वटा घुमेको एरो भएको ।

(ञ)



बाटो दायाँ तर्फ घुमेको छ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको बीचमा कालो रङ्गको एरो तलबाट माथि हुँदै दायाँ तर्फ घुमेको ।

(ट)



बाटो पूर्ण दायाँ घुमेको छ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा कालो रङ्गको एरो तलबाट माथि गई बायाँ तर्फ पूर्ण रूपमा घुमेको ।

(ठ)



दोहोरो घुम्ती

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा कालो रङ्गको एरो तलबाट माथि गई पुनः बायाँ तर्फ तल आई पुनः माथि तर्फ गएको ।

(ड) बाटो मोडिएको छ।

कालो भूँईमा सेतो एरो भएको।

(ढ)



बाटोको दुवै किनारा साँघुरो छ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको बाटोको दुबै किनारा साँघुरो देखाइएको।

(ण) बाटोको दायाँ किनारा साँघुरो छ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको तथा बाटोको दायाँ किनारा साँघुरो देखाइएको।

(त)



दोहोरो बाटोको समाप्ती (Ddouble Carriage Way Ends)

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको तथा दुईटा बाटो गएर एउटै ठाउँमा मिसिएको देखाइएको।

(थ) ट्राफिक बत्ती आउँदैछ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको तथा वीचमा माथिबाट तल क्रमशः रातो, पहेंलो र नीलो रङ्गको बत्तीहरू राखिएको।

नेपाल कानून आयोग

(द)



सडकमा ठाडो ओरालो भाग आउँदैछ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको तथा वीचमा कालो रङ्गले बायाँ वीचबाट दायाँ तल्लो तहसम्म सडक ठाडो ओरालो गएको देखाइएको । सवारी ओरालो झर्दै गरेको देखाइएको ।

(ध)



सडकमा ठाडो उकालो भाग आउँदैछ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको तथा वीचमा कालो रङ्गले दायाँ वीचबाट वायाँ तल्लो तहसम्म सडक ठाडो उकालो गएको देखाइएको । सवारी उकालो जाँदै गरेको देखाइएको ।

(न)

देखाइएको उचाइ सीमा आउँदैछ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा अङ्क र मिटर लेखिएको ।

(प)



दुई तर्फी बाटो आउँदैछ ।

त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा दुईवटा तल र माथि एरो गएको देखाइएको ।

(फ)



त्रिभुजाकार भई सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा दुई वटा दायाँ वायाँ एरो गएको

| | |
|---|---|
| बाटो दायाँ बायाँ दुई तर्फी बाटोसँग जोडिएको छ । | देखाइएको । |
| (ब)<br><br>पैदल यात्रीको लागि बाटो काट्ने ठाउँ आउँदैछ । | त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा सडकको सेतो रङ्गको रेखा कोरिएको र मान्छेको नक्सा देखाइएको । |
| (भ)<br><br>सडकमा ठूलो मान्छे र बच्चा हिंडिरहेको नक्सा | त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा सडकमा ठूलो मान्छे र बच्चा हिंडिरहेको नक्सा देखाइएको । |
| (म) स्कूल, घर, नजीक छ बच्चाहरू सडकमा हिंडिरहेका हुन सक्छन् । | त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको र बच्चाहरूको नक्सा भएको । |
| (य)<br><br>चरण, गोठ आदि आउँदैछ सडकमा गाई वस्तु वा पाल्तु जनावर हिंडिरहेका हुन सक्छन् । | त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको र वीचमा गाईवस्तुको नक्सा बनाइएको । |

नेपाल कानून आयोग

(र)



जंगल, वन्य जन्तु आरक्ष केन्द्र आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको वीचमा जंगली जनावरहरूको नक्सा भएको ।

(ल)



नदी किनारा आउँदैछ त्यसमा कुनै छेकवारहरू छैन ।

त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई तथा रातो रङ्गको किनारा भएको तथा वीचमा माथि मोटर तल बगर र त्यसको तल नदी बग्दै गरेको देखाइएको ।

(व)



खतरनाक गहिराई सतह भएको बाटो आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो भूँई र रातो रङ्गको किनारा भएको वीचमा बाटो गहिरिएर पुनः उकालो चढेको नक्सा देखाइएको ।

(श)



बाटोमा नदीको साँघुरो पुल आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो भूँई र रातो रङ्गको किनारा भएको बीचमा नदीको साँगुरो पुल देखाइएको ।

(ष)



बाटोमा सानो ठूला गिट्टीहरू ओच्छ्याइएको ठाउँ आउँदैछ गाडि छिटो चलाउँदा सो गिट्टीहरू छरिन र कसैलाई लाग्न सक्छ ।

त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको वीचमा बाटोमा साना मसिना गिट्टीहरू छरिइ रहेको नक्सामा देखाइएको ।

(स)



कम उचाईमा उडान हुने ठाउँ आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको बीच बाटोको माथि जहाज उडिरहेको नक्सा देखाइएको ।

(ह)



खाल्डा खुल्डी बाटो आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको बीचमा बाटोमा खाल्डाखुल्डी देखाइएको ।

(क्ष)



चिप्लो बाटो आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो रङ्गको भूँई र रातो रङ्गको किनारा भएको बीच बाटोमा माथि मोटर र तल पानी वा बरफ पग्लेर बगेको देखाइएको ।

नेपाल कानून आयोग

(त्र)



बाटोमा ढिस्को आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो भूँई र रातो रङ्गको किनारा भएको बीचमा बाटोमा ढिस्को उठेको देखाइएको ।

(ज्ञ)



बाटोमा ढुङ्गा खस्ने वा पहिरो जाने ठाउँ आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो भूँई र रातो रङ्गको किनारा भएको वीचमा ढुङ्गा खस्दै गरेको नक्सा देखाइएको ।

(ज्ञ१)

खतरनाक सवारी सञ्चालनमा बाधा पर्ने ठाउँ आउँदैछ ।

चौडाइ कम र लम्बाई लामो भएको २ वटा प्लेटमा बीचमा छड्के पारी कालो र पहेंलो मोटा धर्साहरू पोतिएको र तल काटिएको ।

(ज्ञ२)



चेक पोष्ट आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो भूँई र रातो रङ्गको किनारा भएको बीचमा चेकपोष्टको नक्सा देखाइएको ।

(ज्ञ३)



त्रिभुजाकार प्लेटमा सेतो भूँई र रातो रङ्गको किनारा भएको बीचमा सडकमा मान्छेले काम गरिरहेको

नेपाल कानून आयोग

सडकमा काम हुँदैछ ।

नक्सा देखाइएको ।

(ज्ञ४)अन्य किसिमको खतराहरू भएको ठाउँ आउँदैछ ।

त्रिभुजाकार प्लेटमा सेतो भूँई र रातो रङ्गको किनारा भएको बीचमा माथिल्लो र तल थोप्ला भएको आश्चर्यजनक चिन्ह जस्तो नक्सामा देखाइएको ।

(ज्ञ५)

चौकुने लामो प्लेटमा कालो भूँई र दुवै तर्फ (दायाँ बायाँ) फर्केको दुई-दुई वटा सेतो एरो देखाइएको ।

दायाँ वा बायाँ मात्र घुम्ने किसिमको टि जक्सन आउँदैछ ।

(ज्ञ६) अस्थाई डाइभर्सन

चौकुने लामो प्लेटमा कालो भूँई भई पहेंलो रङ्गका बायाँ फर्केका एरोहरू देखाइएका ।

(ज्ञ७) अगाडि डाइभर्सन भएको ठाउँ आउँदैछ ।

चौकुने लामो प्लेटमा पहेंलो भूँई भई कालो किनारा भएको र बीचमा अगाडि डाइभर्सन लेखिएको ।

नेपाल कानून आयोग

## ३. सूचनामूलक संकेतहरू (Information Signs)

(क)



बाटो समाप्ती

वर्गाकार आकाशे नीलो रङ्गको प्लेटको बीचमा अंग्रेजी “टी” अक्षर, जसको तेर्सो धर्सो रातो रङ्ग र ठाडो धर्सो सेतो रङ्गको भएको ।